त्रिवेणी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

जुगार, रोल्पा। लुम्बिनी प्रदेश,नेपाल।

नदीजन्य पदार्थको बिक्री शुल्क उठाउने सम्बन्धी (Hard Copy) शिलबन्दी दरभाउपत्र आह्वानको सूचना।

(प्रथम पटक प्रकाशित मिति २०८३/०७/१९)

स्थानीय सरकार संचालन ऐन २०७४, को दफा ११ घ ६, लुम्बिनी प्रदेशको प्रदेश आर्थिक ऐन, २०८३ को अनुसुची ६ तथा लुम्बिनी प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५,ढुङ्गा,गिट्टी,बालुवा उत्खनन् तथा व्यवस्थापन सम्बन्धी मापदण्ड,२०७७ पहिलो संशोधन मापदण्ड,२०७९ समेत एवं त्रिवेणी गाउँपालिकाको आर्थिक ऐन, २०८३ तथा त्रिवेणी गाउँपालिकाको मिति २०८३/०७/१५ को निर्णय अनुसार नदीजन्य पदार्थको बिक्री शुल्क उठाउनका लागि मिति २०८३/०७/१९ गते प्रकाशन गरिएको सार्वजनिक सूचनामा दरभाउपत्रदाताले दरभाउपत्र पेश गर्न र सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४० तथा सार्वजनिक खरिद नियमावली २०६४, को नियम ८४ बमोजिम योग्यता पुगेका फर्म वा कम्पनीहरुले यस कार्यालयको मिति २०८३/०६/१६ गतेको निर्णयानुसार यस गाउँपालका क्षेत्र भित्र तोकिए बमोजिमको दरमा देहाय बमोजिमका खोला तथा नदीहरुको स्वीकृत घाट/क्षेत्र अनुसार ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले योग्यता पुगेका, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व २०८२/०८३ को कर चुक्ता प्रमाणपत्र संलग्न गरी तोकिएको न्यूनतम अंकमा नघट्ने गरी निर्धारित मापदण्ड तथा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनमा उल्लेखित नियम तथा सम्झौता एवं तोकिएका शर्त बमोजिम नदीजन्य पदार्थको बिक्री शुल्क असुल उपर गर्न चालु आ.व. २०८३/०८४ को लागि रितपूर्वक हार्ड कपी (Hard Copy) मार्फत शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

क्र. स.	ठेक्का विवरण (दरभाउ-पत्रको नाम/विवरण)	ठेक्का नं.	खोला वा घाट/क्षेत्र	परिमाण (घन मिटर)	जम्मा परिमाण (घन मिटर)	न्यूनतम बोलपत्र रकम(सेवा शुल्क र मू.अ.कर बाहेक)
१	त्रिवेणी गाउँपालिका क्षेत्र भित्रका नदी/खोलाहरुमा पर्ने (सिवाङ खोला दोभान,बाङगेरा,दबैं,दुम्ला दोबान र माडी दोभान) नदीजन्य पदार्थ उत्खनन् र बिक्री कार्यको शिलबन्दी दरभाउ	TRM/ROLPA/M/SQ/1/083/084	सिवाङ खोला हुँदै माडी दोभान	१५००।	४२९०। घन मिटर (१,५१,४८० क्युव फिट)	प्रति क्यूव फिट रु ८ को दरले जम्मा रु १२,११,८५०।
			सिवाङ खोला बाङगेरा क्षेत्र	१९०।		
			दबैं खोला किनारा	४००।		
			सिवाङ खोला दुम्ला दोबान किनारा	१२००।		
			सिवाङ खोला माडी दोभान किनारा	१०००।		

शिलबन्दी दरभाउ-पत्र खरिद गर्ने मिति र समय	शिलबन्दी दरभाउ-पत्र पेश गर्ने अन्तिम मिति र समय	शिलबन्दी दरभाउ-पत्र खोल्ने मिति र समय	शिलबन्दी दरभाउ-पत्र खरिद दस्तुर	बिडवण्ड जमानत रकम
मिति २०८३/०८/०३ गते कार्यालय समय भित्र	मिति २०८३/०८/०४ गते १२ बजे भित्र	मिति २०८३/०८/०४ गते दिनको २ बजे	रु १०००।	कवोल अंकको ३ प्रतिशत

शिलबन्दी दरभाउ-पत्र खरिदको लागि यस कार्यायमा नगद भौचर जम्मा गरी वा नेपाल इन्भेष्टमेन्ट मेगा बैंकको आन्तरिक राजस्व खाता नं.०७१०१४००२५०१०८ जम्मा गरेको भौचर र बिडवण्ड जमानतको लागि घरैटी खाता नंम्वर ०७१०१०४०२५१४६४ मा जम्मा गरेको वैंक भौचर अनिवार्य हुनुपर्नेछ।

अनुज गौतम
प्रमुख प्रशासकीय अधिकृत

त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जुगार, रोल्पा। लुम्बिनी प्रदेश,नेपाल।

शर्त तथा वन्देजहरु:-

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र,मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र,आ.व.०८२/०८३ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,बोलपत्र फारम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा नेपाल इन्भेष्टमेन्ट मेगा बैंक शाखा कार्यालय जुगार स्थित यस कार्यालयको आन्तरिक राजस्व खाता नं. ०७१०१४००२५०१०८ मा जम्मा गरेको सक्कल बैंक भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र फारम खरिद गर्न सकिनेछ। तोकिएको बोलपत्र दस्तुर यस कार्यालय वा यस कार्यालयको बैंक खातामा माथि उल्लेखित खाता नंम्वरमा जम्मा गरेको भौचरलाई बोलपत्र सम्वन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ। बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन यस कार्यालय बाट सिलवन्दी दरभाउपत्र खरीद गरी रित पूर्वक हार्ड कपी (Hard Copy) पेश गर्नु पर्नेछ।

२. बोलपत्र सम्बन्धी फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। आफूले कबोल गरेको अंकको ३ प्रतिशतका दरले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल इन्भेष्टमेन्ट मेगा बैंक जुगारमा रहेको धरौटी खाता नंम्वर ०७१०१०४०२५१४६४ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा वा नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी जारी गरेको कम्तिमा ७५ दिन म्याद भएको विडवण्डको सक्कल प्रति संलग्न हुनुपर्नेछ।

३. खरिद गरेको बोलपत्र फारमहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम,ठेगाना,कामको विवरण,बोलपत्र विवरण प्रोपराइटरको नाम,ठेगान,फोन नं,मोवाइल नंम्वर समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६औं दिनको १२ बजे भित्र यस कार्यालयमा हार्डकपी प्रति दर्ता गर्नु पर्नेछ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामवाट दाखिला गर्न पाइने छैन। रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको भोलिपल्ट वा पेश हुन आएका दरभाउपत्र १६ औं दिनको २:०० बजे कार्यालय प्रतिनिधी एवं बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ। दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न सकिनेछ। उक्त दिन बिदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।

५. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फारमा उल्लेख गरिएको हुदाँ सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघी,रीत नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

६. दरभाउपत्र स्वीकृत भएको सुचना पाएको मितिले ७ दिन भित्र सम्बन्धित ठेक्काको मु.अ.कर (VAT) बाहेक ठेक्का कवोल अंकको रकम यस कार्यालयमा र कबोल अंकको १३ प्रतिशतले हुने मु.अ. कर र १.५ प्रतिशतले हुन आउने अग्रीम आयकर रकम बैंकमा दाखिला भएको प्रमाण पेश भए लगत्तै सम्झौता हुनेछ। एकमुष्ट रकम बुझाउन नसकिने अवस्थाको निवेदन प्राप्त भएमा ५०% ले हुन आउने रकम यस कार्यालयको खातामा दाखिला गरी बाँकी ५० प्रतिशत ले हुन आउने रकम बराबरको २०८३ साल जेठ मसान्तसम्म अवधि भएको र यस कार्यालयको नाममा जारी गरिएको नेपाल सरकारबाट मान्यता प्राप्त क वर्गको बाणिज्य बैंकको परफरमेन्स वण्ड (बैंक ग्यारेण्टी) पेश गर्नु पर्नेछ। उक्त बाँकी ५० प्रतिशत रकम २०८३ साल बैशाख मसान्तसम्म नियमानुसार बुझाई सक्नु पर्नेछ तोकिएको समय भित्र बाँकी ५०% रकम दाखिला नगरेमा ठेक्का सम्झौता गर्दा पेश गरेको बैंक ग्यारेण्टि (परफरमेन्स वण्ड) वाट किस्ता रकम असुल उपर गरी अर्को व्यवस्था गर्न सकिनेछ।

७. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बन्दोवस्त गरिनेछ। यस गाउँपालिकाको नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परीमाणको सन्दर्भमा स्थानीय सरकार संचालन ऐन,२०७४,यस गाउँपालिकावाट जारी

अनुज गौतम
प्रमुख प्रशासकीय अधिकृत

भएका कानुन,प्रदेश कानुन तथा अन्य प्रचलित कानुन वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयवाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ।

८. नियमानुसार मु.अ.करमा दर्ता भएका ईच्छुक फर्म वा कम्पनीबाट तोकिएको प्रति क्यु.फुट रु.८। का दरले कायम गरिएको न्यूनतम अंकमा नघट्ने गरी सिलवन्दी दरभाउपत्र पेश गर्नु पर्नेछ।

९. उपरोक्त न्युनतम अंकमा मुल्य अभिवृद्धि कर (VAT) समावेश नभएको हुँदा सम्बन्धित ठेकेदारले बिक्रि शुल्क असुल गर्दा तोकिए बमोजिमको मु.अ.क. समेत समावेश गरी फरक भ्याट रसिदबाट असुल उपर गर्नु पर्नेछ।

१०. प्रचलित कानुन अनुसार लाग्ने कर तथा दस्तुर ठेकेदार स्वयंले नै बेहोर्नु पर्नेछ।

११. तोकिएको न्युनतम अंकमा बढाबढ गरी सबै भन्दा बढि अंक कबोल गरेको लाई छनौट गरिनेछ।

१२. कार्यादेश लिएको मिति देखि मात्र ठेक्का चलान गर्न पाईनेछ। साथै ठेक्काको अवधि २०८४ साल जेष्ठ मसान्तसम्म हुनेछ। उक्त अवधि भन्दा पहिलानै तोकिएको परिमाण उठाइसकेको खण्डमा ठेक्का अवधि भन्दा पहिलेनै अन्त्य हुनेछ।

१३. हेभी मेशिनरी औजार (स्काईभेटर, डोजर) लगायतका ठुला उपकरणहरु प्रयोग गरि नदीजन्य पदार्थ उत्खनन्/संलकन गर्न पाईने छैन। तर विकास निर्माण कार्यको लागि मात्र आवश्यक पर्ने नदीजन्य पदार्थ त्रिवेणी गाउँपालिकावाट स्वीकृती लिनुपर्नेछ। यस गाउँपालिकाको निर्णयानुसार खोला/ नदिलाई Channelizing गरी नदिको Bed Meterials लाई विशेष ध्यान दिई प्रारम्भीक वातावरणीय परिक्षण (IEE) प्रतिवेदनको परिधिभित्र रहि प्रतिवेदनमा उल्लेखित शर्तहरुको पुर्ण रुपमा पालना गर्ने गरी Backhoe Loader मेशिन निश्चित समयको लागि मात्र प्रयोग गर्न दिन सकिनेछ।

१४. नदीजन्य पदार्थको संकलन, भण्डारण र घाटगद्दी को व्यवस्था संकलन स्थलबाट न्युनतम ५०० मिटरको दुरीमा बन क्षेत्र, सार्वजनिक जग्गा, सडक किनार र आवतजावतमा अवरोध नहुने गरी गर्नु पर्नेछ।

१५. घाटगद्दिको कार्य सम्पन्न भएपछि व्यवसायीले अन्तिम जाँचको लागि यस कार्यालयमा निवेदन दिनु पर्नेछ र यस कार्यालय बाट नदीजन्य पदार्थ घाटगद्दी गरिएको स्थानको जिल्ला अनुगमन तथा व्यवस्थापन समितिबाट अन्तिम जाँच गराई कार्यालयबाट बिक्री स्वीकृति लिई सम्झौता बमोजिमको दररेटमा नवढाई घाटगद्दी स्थलबाट मात्र नदीजन्य पदार्थ बिक्री गर्न पाईनेछ।

१६. कुनै पनि बहानामा अस्थायी चलन पुर्जी दिन कार्यालय बाध्य हुने छैन।

१७. यस कार्यालयलाई बुझाउनु पर्ने ठेक्का रकम नेपाल बन्द, आम हडताल, नाकाबन्दी र चक्का जाम जस्ता अप्रत्यासित घटना वा अन्य कुनै पनि कारण देखाई मिनाहा माफि माग गर्न पाईने छैन। तर नेपाल सरकार वा न्यायिक निकायबाट कुनै श्रोत संकलन तथा उपयोगमा बन्देज लगाएमा त्रिवेणी गाउँपालिकाको निर्णयानुसार बन्देज लगाएको कारणबाट उत्खनन् संकलन गर्न नसकेको परिमाणको हिसाब गरी दामासाहीले हुन आउने रकम मिलान/ फिर्ता गर्न सकिनेछ।

१८. वातावरणमा प्रतिकुल प्रभाव पर्ने गरी तथा प्रचलित कानून विपरितका कुनै पनि कार्य गर्न पाईने छैन। साथै सम्बन्धित खोला नदीको स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनमा उल्लेखित शर्तहरुको पालना गर्नु पर्नेछ।

१९. घाटगद्दी गरिएको नदीजन्य पदार्थ लोड गर्ने प्रयोजनका लागि मात्र भारी यन्त्र **Backhoe Loader** प्रयोग गर्न सकिनेछ।

२०. घाटगद्दीबाट बिक्रि वितरण गर्दाको अवधिमा उत्खनन् कार्य गर्न पाईने छैन।

२१. नदिजन्य पदार्थ उत्खनन् संकलन कार्य सूर्योदय देखि सूर्यास्तसम्मको समयमा मात्र गर्नु पर्नेछ।

२२. नदीजन्य पदार्थ सङ्कलन गर्ने क्रममा सङ्कलन गर्न इजाजत पाएको नदीजन्य पदार्थ बाहेक कुनै बहुमूल्य पुरातात्विक ऐतिहासिक वस्तु फेला परेमा तत्काल यस कार्यालयमा मा बुझाउनु पर्नेछ।

२३. संकलन गरिएको नदीजन्य पदार्थ घाटगद्धी गर्ने स्थानको व्यवस्था व्यवसायी स्वंयम आफैले गर्नु पर्नेछ।

२४. उत्खनन् संकलन र घाटगद्दी कार्य शुरु गर्नु पहिले सो कार्यमा खटिने मुख्य मुख्य कामदार, ढुवानीका साधन र चालकहरुको विवरण यस कार्यालयमा पेश गर्नु पर्नेछ।

२५. नदिजन्य पदार्थ (ढुंगा, गिट्टि, बालुवा, मिस्कट) उत्खन्न/संकलन एवं ढुवानी कार्यमा स्थानीयवासीलाई पहिलो प्राथमिकता दिई कार्य गर्नु गराउनु पर्नेछ।

अनुज गौतम
प्रमुख प्रशासकीय अधिकृत

२६. घाटगद्दी स्थलमा तोकिएको नदीजन्य पदार्थ बाहेक अन्य मालवस्तु घाटगद्दी गर्न पाइने छैन। तोकिएको स्थल बाहेक अन्यत्र भण्डारण या घाटगद्दी गरे गराएमा बिक्री मूल्यको दोब्बर रकम असुल गरी यस्तो मालवस्तु यस कार्यालयले जफत गर्नेछ।

२७. नदीजन्य पदार्थ बाहेकका मालवस्तु घाटगद्दी भएमा वा ओसारपसार गरेमा प्रचलित कानून बमोजिम हुनेछ।

२८. उत्खनन् स्थलबाट घाटगद्दी स्थलसम्म ढुवानी गरी नाप जाँच गर्न मिल्ने गरी चट्टा बनाउने (पाएलिङ्ग) जिम्मा स्वयं ठेकेदारको हुनेछ।

२९. कार्यादेश अनुसारको नदीजन्य पदार्थ उत्खनन् संकलन र घाटगद्दी गर्ने कार्य सम्पन्न नभएसम्म व्यवसायीले बिक्री गर्न पाउने छैन। बिक्री गरेको पाइएमा यस कार्यालयले बिक्री मूल्यको दोब्बर रकम असुल गरी ठेक्का रद्द गर्न सक्नेछ।

३०. नदीजन्य पदार्थ ढुवानी गर्ने सवारी साधनले ढुवानी अवधिभर प्रेसर हर्न प्रयोग गर्न पाईने छैन। साथै नदीजन्य पदार्थ ढुवानी स्थलबाटै बाक्लो त्रिपालले ढाकेर लैजानु पर्नेछ, सडकमा पानी चुहाएर ढुवानी गर्न पाईने छैन र सवारीको गति ४० कि.मी. प्रति घण्टा भन्दा बढि गतिमा चलाउन पाईने छैन।

३१. नदिजन्य पदार्थ लोड गरी ओसारपसार गर्ने क्रममा लोड सवारी साधन सडकमा पार्किङ्ग गर्न पाईने छैन।

३२. शहर वा बजार क्षेत्रमा नदीजन्य पदार्थ बोकेको सवारी साधन बिहान ८:०० बजे देखि बेलुका ६:०० बजेसम्म चलाउन पाईने छैन।

३३. नदीजन्य पदार्थको निकासी गर्ने बाटो मर्मतको व्यवस्था बोलपत्रदाता स्वयंले गर्नुपर्नेछ। सो खर्चको दावी गर्न पाईने छैन।

३४. नदिजन्य पदार्थको उत्खनन्, संकलन एवं ढुवानी गर्दा खटिएका कार्यालयका सम्बन्धित प्राविधिक तथा अन्य कर्मचारीहरुको निर्देशन पालना गर्नुपर्नेछ।

३५. नदिजन्य पदार्थ उत्खनन् गरिसके पछि छनौट गरी छाडिएको काम नलाग्ने वस्तु जुन स्थानमा निकालिएको हो सोहि स्थानमा लगि मिलाएर छाड्नु पर्नेछ। उत्खनन् गर्दा नदिको धार नबदलिने गरी उत्खनन् गर्नुपर्नेछ ।

३६. नदिजन्य पदार्थ ढुवानी गरी लैजाने सवारी साधनलाई पटकै पिच्छे बिक्री आदेश वा बिल स्पष्टसंग भरी जारी गरिएको हुनुपर्नेछ।

३७. नदीजन्य पदार्थको उत्खनन्/संकलन एवं ढुवानी गर्ने मुल बाटोबाट सवारी साधन प्रवेश हुने मार्गको नियमित मर्मत गर्ने र धुलो उड्न नदिन नियमित पानी छर्कने कार्य ठेकेदारको तर्फबाट गर्नु पर्नेछ।

३८. नदिको दुवै किनारामा नदिको चौडाईको १/३ भाग भन्दा बढी क्षेत्रमा कुनै उत्खनन् एवं संकलनको कार्य गर्न पाईने छैन। साथै IEE ले निर्दिष्ट गरेको भौगोलिक अवस्थिती GPS Point ले देखाएको अक्षांश र देशान्तरले निर्दिष्ट गरेको तथा हाल स्थलगत दुबै अवस्थालाई आधार मानी कायम क्षेत्रमा मात्र उत्खनन् एवं सङ्कलनको कार्य गर्नु पर्नेछ।

३९. तोकिएको परिमाण पुरा हुना साथ उत्खनन् संकलन कार्य बन्द गर्नु पर्नेछ।

४०. घाटगद्दीबाट बिक्रि वा ओसारपसार गर्ने एकमुष्ट आदेश प्राप्त गरेपछि ठेकेदारले यस कार्यालयले तोकेको नमुनाको पटके बिक्री आदेश बिजक संगै जारी गर्नु पर्नेछ। सोको अभिलेख तोकिएको ढाँचाको खातामा राखी पटके बिक्री आदेशको एक प्रति र सो को परिमाण खुल्ने तेरिज तयार गरी राजश्व प्रशासन शाखामा साप्ताहिक रुपमा अनिवार्य पेश गर्नु पर्नेछ। **Deposit** भएको नदीजन्य पदार्थ उत्खनन् संकलन गर्दा खोला नदिको Channel क्षेत्रमा रहेका **Deposit** मात्र उत्खनन् संकलन एवं बिक्री वितरण गर्नु पर्नेछ।

४१. नदीलाई **Channelizing** गरी उत्खनन् संकलन गर्दा नदीको **Bed Meterials** लाई विशेष ध्यान दिई नदिको दुवै किनारा कटानलाई सुरक्षा हुने गरि संकलन गर्नु पर्नेछ।

४२. दर रेट सहितको साईनबोर्ड सबैले देख्ने गरी सम्बन्धित कर संकलन केन्द्रमा अनिवार्य रुपमा राख्नु पर्नेछ। तर राजमार्ग वा सहायक राजमार्गमा यातायात अवरुद्ध हुने गरि कुनै काम गर्न/ गराउन पाईने छैन।

४३. सिचाई कुलो बाँधको ५० मिटर तल/ माथि, दाँयाबाँया छाडेर मात्र नदिजन्य पदार्थ निकाल्न पाईनेछ। तर Over Deposit भएको नदिजन्य पदार्थ उठाउनै पर्ने आवश्यकता महसुस भै सम्बन्धित निकायले सिफारिस गरेमा यस कार्यालयको निर्णयानुसार हुनेछ।

४४. जिल्ला अनुगमन तथा समन्वय समिति र यस कार्यालयले समय समयमा दिएको निर्देशन/परिपत्रको अनिवार्य रुपमा पालना गर्नु पर्नेछ।

अनुज गौतम
प्रमुख प्रशासकीय अधिकृत

४५. अर्काको घर जग्गा, कुलो, बाँध, पैनी र सार्वजनिक भवनलाई क्षति हुने गरी नदीजन्य पदार्थ निकाल्न पाईने छैन।

४६. उल्लेखित शर्तहरु पालना गर्ने गराउने जिम्मेवारी स्वयं ठेकेदारको हुनेछ। कुनै शर्त पालना नगरेको पाइएमा त्रिवेणी गाउँपालिकाको निर्णय बमोजिम ठेकेदारबाट जरिवाना असुल गरी ठेक्का समेत तोड्न सकिनेछ।

४७. ठेकेदार र कार्यालय बीच ठेक्काको शर्त तथा अन्य विषयमा कुनै विवाद भएमा यस कार्यालयको निर्णय अन्तिम हुनेछ,यसमा ठेकेदार को कुनै उजुरी लाग्ने छैन।

४८. ठेक्का समाप्त भए पछि धरौटी फिर्ता लिन आउंदा लाग्ने करहरु बुझाई सकेको (कर चुक्ता) प्रमाणपत्र पेश गरेपछि मात्र धरौटी वा जमानी फुकुवा गरिनेछ।

४९. आफुले लिएको ठेक्काको चलान गरी रकम उठाउने जिम्मेवारी ठेकेदार स्वयंकै हुनेछ।

५०. रसिदहरु आफ्नै तर्फबाट छपाई कार्यालयको छाप र यस कार्यालयमा रसिद नं. दाखिला गरेर यस कार्यालयलाई बुझाउने रकमको हकमा कार्यालयको छाप लागेको र भ्याट प्रयोजनको लागि भ्याट नं. उल्लेख भएको फर्मको आफ्नो छुट्टै रसिद मात्र प्रयोगमा ल्याउनु पर्नेछ।

५१. सम्झौतामा उल्लेखित परिमाण भन्दा बढी नदीजन्य पदार्थ उत्खनन् गरेको पाईएमा बढि उत्खनन् गरेको परिमाणको मुल्यांकन गरी मुल्यांकनको दोब्बर रकम जरिवाना गरिनेछ।

५२. ठेक्काको दररेट र अन्य विस्तृत जानकारीका लागि यस कार्यालयको सूचना पाटी, Website वा राजश्व प्रशासन शाखामा सम्पर्क राख्न हुन समेत जानकारी गराईन्छ।

५३. यो सुचनामा उल्लेख नभएका कुराहरुको हकमा रकम तथा सरकारी ठेक्का बन्दोबस्त ऐन २०२० र सार्वजनिक खरिद ऐन २०६३ साथै अन्य प्रचलित कानुन बमोजिम हुनेछ।

२०७९/६/१९

अनुज गौतम
प्रमुख प्रशासकीय अधिकृत

अनुज गौतम
प्रमुख प्रशासकीय अधिकृत